# महालेखापरीक्षकको

# वार्षिक लेखापरीक्षण प्रतिवेदन

# २०७७

## बेदकोट नगरपालिका

## कञ्चनपुर ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूर[illegible]लेखापरीक्षण महानिर्देशनालय

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४४७

मितिः २०७७/३/२४

श्री नगरप्रमुखज्यू,
बेदकोट नगरपालिका, कन्चनपुर ।


**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

२०७७/३/२४
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)

महालेखापरिक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यकम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४५६

मितिः २०७७/३/२४

श्री नगरप्रमुखज्यू,
बेदकोट नगरपालिका, कन्चनपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले बेदकोट नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससगं सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससगं सम्बन्धित अन्य बिबरणले स्थानीयतहसगं सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ६९ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु.८१ लाख २८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ४६ लाख ४२ हजार नियमितगर्नुपर्ने रु.१० लाख ४१ हजार पेश्की बाँकी रु.३१ लाख ४२ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना ३९ (उनान्चालिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।१२।२४

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# बेदकोट नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत १० वडा, ५४ नगर सभा सदस्य, १५९.९२ वर्ग कि.मी.क्षेत्रफल र ६२७९१ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६९५५३२४४.६२ | १ | **चालु खर्च** | | ३२४५२७४५० |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | | १८४३८११२२ |
| | ख) बैंक | | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ० | | क) ऋण भुक्तानी | | ० |
| | क) आन्तरिक राजस्व | | १६१६३९९९.२६ | | ख) व्याज भुक्तानी | | ० |
| | ख) राजस्व बाँडफाँड | | ८१०५७७३१.४४ | | ग) अन्य भुक्तानी | | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ० | | ऋण लगानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | | १४०८००००० | | शेयर लगानी | | ० |
| | ख) सशर्त अनुदान | | १७२२२४००० | | अन्य लगानी | | ० |
| | ग) समपूरक अनुदान | | २६२६२००० | ५ | **धरौटी फिर्ता** | | १७२२०९१ |
| | घ) विशेष अनुदान | | ३३१८३००० | ६ | **कोष खर्च** | | २४९५१९५ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ० | ७ | सेवा निवृत्तको संचित बिदा | | १४१६०५६ |
| | क)वित्तीय समानीकरण अनुदान | | ७५८२००० | ८ | सेवा निवृत्तको औषधी उपचार | | १८९७६५० |
| | ख) सशर्त अनुदान | | ० | ९ | **मौज्दात** | | ० |
| | ग) समपूरक अनुदान | | ३७८८००० | | क) नगद मौज्दात | | ० |
| | घ) विशेष अनुदान | ० | ० | | ख) बैंक मौज्दात (सञ्चित कोष) | | ७२९५५५८६.२२ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | ग) धरौटी बाँकी | | ८२९९७५८.५० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | घ) कोष मौज्दात | | १०२८२९९३.८५ |
| | क) ऋण प्राप्ति | ० | ० | १० | **फ्रिज** | | ० |
| | ख) साँवा प्राप्ति | ० | ०० | | **संघीय सञ्चित कोष फिर्ता** | | ७४१०१०२३ |
| | ग) ब्याज प्राप्ति | ० | ० | | **प्रदेश सञ्चित कोष फिर्ता** | | ६९२००० |
| | घ) अन्य प्राप्ति | ० | ० | | | | ० |
| ७ | | | ० | | | | ० |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ६८५५००० | | | | ० |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | ११८३७५८४७ | | | | ० |
| १२ | **धरौटी आय** | | ५३१५५०३.२५ | | | | ० |
| १५ | **अन्य विविध आय** | | १६१०६०० | | | | ० |
| | **जम्मा** | | **६८२७७०९२५.५७** | | **जम्मा** | | **६८२७७०९२५.५७** |

कार्यालयको नाम ठेगाना : बेदकोट नगरपालिका, कञ्चनपुर ।                                                आ.व.२०७५।७६

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट नगर सभाबाट पारित भएको छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा सशर्त अनुदानबाट प्राप्त रकममध्ये खर्च गर्न बाँकी रहेको रु.७४७९३०२३। फ्रिज भएको र रु.७४१०१०२३। संघीय सञ्चित कोषमा र रु.६९२०००। प्रदेश सञ्चित कोषमा मिति २०७६।३।३१ मा दाखिला गरेको छ ।<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६/१०।१० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा रु.११४२९२०। असुल गरी दाखिला भएको छ ।** | |
| | **बित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खचंको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २. | **बैंक हिसाब :** नगरपालिकाको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान हुनुपर्दछ । नगरपालिकाको आयव्यय विवरण अनुसार (स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु.९१५३८३३८.५७ देखिएको छ, तर मिति २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार देहायका बैंक खातामा जम्मा रु.१९६००७७५३.८९ मौज्दात देखियो । नगरपालिकाको स्रेस्तामा र बैंक हिसाबमा रु.१०४४६९४१.३२ फरक परेको देखिएकोले सो फरक हिसाब सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ ।<br><br>**खाता** — **२०७५।३।३२ को मौज्दात बैंक स्टेटमेन्ट अनुसार**<br>चालू खर्च खाता ग २.१ — २५०६०६२१.११ | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>महिला तथा बालबालिका कोष</td><td>३४९९७०</td></tr>
<tr><td>सञ्चीतकोष</td><td>५९२९२४५७.६९</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष</td><td>१७५२९२०</td></tr>
<tr><td>पूँजीगत खाता ग २.२</td><td>९५३५५३३२.७४</td></tr>
<tr><td>धरौटी</td><td>६०१६३४८.५०</td></tr>
<tr><td>कल्याण कोष</td><td>७७८३६५८.८५</td></tr>
<tr><td>गरिवि निवारण कोष</td><td>२२४९७०</td></tr>
<tr><td>स्वास्थ्य सामुदायिक विशेष कोष</td><td>७१४७५</td></tr>
<tr><td>मर्मत सम्भार कोष</td><td>१०००००</td></tr>
<tr><td>जम्मा</td><td>१९६००७७५३.८९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.</td><td>वित्तीय विवरण : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाकले प्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्म्को अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । साथै नगरपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेकोले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा नगरपालिकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर नगरपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>श्रोतअनुमान तथा बजेट सिमाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ॠण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन लगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सिमा समिति गठनको व्यवस्था छ । तर नगरपालिकाले उक्त समितिले गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी नगरपालिकाको बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, बजेट सिमा निर्धारण र सोही अनुसार नगर सभामा बजेट तथा कार्यक्रम पेश तथा पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>खर्च गर्ने अख्तियारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ७. | **क्षेत्रगत बजेट र खर्चको स्थिति:** मिति २०७५/३/१० मा नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ: | |

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १३१०७००० | ८८३४६०६ | १.७४ |
| २ | पुर्वाधार विकास | २४६६११४७० | १४३७५०८३० | २८.२५ |
| ३ | सामाजिक विकास | २९२०४६३०० | २५९२२१६४४ | ५०.९४ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | १०३२१००० | ५५६७८६७ | १.०९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह | १२०५८३११ | ९६८०२४६ | १.९० |
| ६ | कार्यालय संचालन तथा प्रशासनिक | ११४६६७००० | ८१८५३३७९ | १६.०८ |
| **जम्मा** | | **६८८८११०८१** | **५०८९०८५७२** | **७३.८८२१६९७३** |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ५०.९४ प्रतिशत र घटीमा १.०९ प्रतिशत रहेको छ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ८. | **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति** : नगर सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ: | |

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक | ८१९७८२५१ | ६५९५२८३१ | ४५.८८ |
| २ | खानेपानी | ९०५५००० | ६६४७९२७ | ४.६२ |
| ३ | सिंचाई | ११२५३५०० | २७६०५९७ | १.९२ |
| ४ | भवन तथा शौचालय | ५२५१७०८० | ३०७००९७७ | २१.३६ |
| ५ | झोलुङ्गे पुल | १५०००००० | ७८७०५१ | ०.५५ |
| ६ | उर्जा | ३०६८००० | ५८८३४६ | ०.४१ |
| ७ | अन्य(समपूरक सहित) | ७३७३९६३९ | ३६३१३१०१ | २५.२६ |
| | जम्मा | २४६६११४७० | १४३७५०८३० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार नगरपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण र खानेपानी तथा पूर्वाधारमा क्रमशः ४५.८८,४.६२ बजेट खर्च गरेकोले स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन । | |
| ९. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,१०,००,०००। आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.१,६१,६३,९९९।२६ लाख हजार अर्थात अनुमान भन्दा २३.०३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १०. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रीय अनुदानबाट खर्च: ४३११०२५७८.४४ ; आन्तरिक आय: १६१६३९९९.२६ ; आन्तरिक आय प्रतिशत: ३.७५<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.७५ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११. | **आयव्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| १२. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
| --- | --- | --- |
| | प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १३. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा  निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १४. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १५. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>• नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>• नगरपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• नगरपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>• नगरपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>• नगरपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| **१६.** | **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रै आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले लेखापरीक्षण अवधिसम्म यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । त्यसैले आगामी दिनमा नगरपालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| **१७.** | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम बढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १८. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १९. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| २०. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि एकमुष्ठ रु.३००००००। जम्मा गरेको देखियो । एक महिना बरावरको रकम बार्षिक रुपमा जम्मा गरी कोषमा जम्मा गर्नुपर्नेमा नगरपालिकाको तर्फबाट एकमुष्ठ जम्मा गरेको छ । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ । | |
| २१. | **कर्मचारी ब्यवस्था :** कार्यालयले उपलब्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ४९ रहेता पनि पदपूर्ति ३० जना पदपूर्ति भएको देखियो । दरबन्दी पदपूर्ति नभई रिक्त रहेका १९ जनामा इन्जिनियर छैठौमा १ जना सहायक चौथोमा २ जना आन्तरिक करारमा राखी कार्यसञ्चालन गरिएको छ । | |
| २२. | **वडा सचिवको पदपूर्ति :** नगरपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | ८ | २ |

२३. **चौमासिक खर्च:** नगरपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छ:

| क.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्च तर्फ | ३२४५२७४५० | ८६३७२२७८ | ८८३०५०७७ | १४९८५००९५ | १३९६००९३ |
| २ | पूँजीगत खर्च तर्फ | १८४३९११२२ | १५२७८२९३ | ३०८१८४८३ | १३८२८४३४६ | ७७३४३४७९ |
| | **जम्मा** | **५०८९१८५७२** | **१०१६५०५७१** | **११९१२३५६०** | **२८८१३४४४१** | **९१३०३५७२** |
| | **प्रतिशत** | | **१९.९७** | **२३.४१** | **५६.६२** | **१७.९४** |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.५० करोड  ८९ लाख १९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१० करोड १६ लाख ५० हजार अर्थात १९.९७ प्रतिशत, दोश्रो चौमासिकमा रु.११ करोड  ९१ लाख २३ हजार, अर्थात २३.४१ प्रतिशत र तेश्रो चौमासिकमा रु.२८ करोड ८१ लाख ३४ हजार, अर्थात ५६.६२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड १३ लाख ४ हजार अर्थात १७.९४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

२४. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ८ वटा ऐन, ८ वटा निर्देशिका, ४ वटा नियमावली र १७ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घर नक्सादर्ता पास (पुरानो ... तथा नयाँ ...) | १६४ |
| **पञ्जिकरण तर्फ** | |
| जन्मदर्ता | २८८३ |
| मृत्यू दर्ता | ३२४ |
| बसाईसराई दर्ता | ४३८ |
| बिबाह दर्ता | ९२३ |
| सम्बन्ध विच्छेद दर्ता | १ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | **अन्य सिफारिस** | |
| | घरबाटो सिफारिस — ७९७ | |
| | नागरिकता सिफारिस — २३१७ | |
| | नाता प्रमाणित — २७९ | |
| | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| २५. | **न्यायिक समिति र न्याय सम्पादन** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगरपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ। | |
| | दर्ता भएका विवाद: १९; फछ्र्यौट भएका विवाद: १८; फछ्र्यौट हुन बाँकी विवाद: १ | |
| | उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| | **कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २६. | **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका २९९ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| अन्य सिफारिस | |
|---|---|
| घरबाटो सिफारिस | ७९७ |
| नागरिकता सिफारिस | २३१७ |
| नाता प्रमाणित | २७९ |

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| १९ | १८ | १ |

| कार्यक्रम/ योजना | यो वर्ष कुलकार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| कार्यक्रम सङ्ख्या | २९९ | ० | ८ | १६ | ८ |
| रकम | २७०९२६८१३ | ० | २२८४९१०६ | ६२४९६२२४ | २९१५९८३६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| २७. | **योजनागत लक्ष्य प्रगति** : यस नगरपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत २९९ योजना स्वीकृत गरेका योजनामा ८ वटा २५ प्रतिशत प्रगति भएका,१६ वटा ५० प्रतिशत प्रगति भएका र ८ वटा योजनाहरु ७५ प्रतिशत प्रगति भएको उल्लेख छ । कम प्रगतिका सम्बन्धमा नगरपालिकाले स्पष्ट गरेको छैन । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २८. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| २९. | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।३। १० मा सम्पन्न नगरपालिकाबाट पारित विभिन्न क्षेत्रगत २९९ कार्यक्रम कार्यान्वयनको स्थिति सहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३०. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ३१. | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यबस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । राजस्व असुलीको दैनिक अभिलेख(म.ले.प.फा.नं.१०८क,१०८ख) राजस्वको बैंक नगदी खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ३२. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष रोडसेस करवापत १०,२०,०००। संकलन गरेको छ । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३३. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३४. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । नगरपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| ३५. | **राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अर्न्तगत सवै वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण पेश गरेको छैन । | |
| ३६. | **ठेक्का व्यबस्थापन:** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः | |

| कुलनिर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | वोलपत्र | |
|---|---|---|---|---|---|---|
| | सोझै खरिद संख्या | रकम | संख्या | रकम | ठेक्का संख्या | रकम |
| १८४३८१ | ० | ० | १२ | १३२२७ | ३४ | ४७०२४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३७. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८,४३,८१,१२२। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३८. | **सवारी साधन खरिद**–स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष १ वटा जिप,१ वटा रोलर, १ वटा ट्याक्टर र १२ वटा मोटरसाइकल खरिद गरी रु.१ करोड २ लाख ६९ हजार खर्च गरेको छः | |

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | जिप | १ | २४६९४२४.७८ |
| २ | रोलर | १ | ३९११११११ |
| ३ | ट्याक्टर ट्रलि सहित | १ | १४७६९९०.३ |
| ४ | मोटरसाइकल | १२ | २४११९०० |
| | **जम्मा** | **१५** | **१०२६९४२६.०८** |

| | | |
|---|---|---|
| | उपरोक्त बमोजिम नगरपालिकाको आफ्नो आन्तरिक आय रु.१,६१,६३,९९९।२६ मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन । | |
| ३९. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४०. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगनें जस्ता कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |
| ४१. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभगग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्फौताबाहेक सम्फौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ४२. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४३. | **योजना हस्तान्तरण**: निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ४४. | **सार्वजनिक तथा सामाजिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सवै उपभोक्ताहरुले सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने ब्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ४५. | **गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने ब्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याबियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ४६. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगर सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु.१ लाख सम्म | रु. १ देखि २ लाख सम्म | रु. २ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | १२४ \| ४६ \| ४४ \| २६ \| ६४ \| ३०४<br>१५४५५ \| ८६१३ \| ११८६० \| ११४५२ \| २२३५४६ \| २७०९२६<br>उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु.३० हजार देखि रु.१ करोड ४२ लाख सम्मका जम्मा ३०४ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १२४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ४७. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ४८. | **उपभोक्ता समितिबाट निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी कितावमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो ।<br>यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको व्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>पेश्की बाँकी: आर्थीक कार्यविधि २०७४ को नियम ७४ (३० मा पेश्की दिइएको रक म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैले कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार रु.३१४१८००.०० पेश्की आर्थिक वर्षको अन्त्य सम्म बाँकि रहेकोले समयमा फछ्र्यौट गराउनु पर्ने देखिएको रु.<br><br>
<table>
<tr><th>निर्माण व्यवसायीको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>एम डि ग्रुप,महेन्द्रनगर</td><td>मोविलाईजेशन</td><td>७१३०००</td></tr>
<tr><td>आकास एण्ड पवन कन्स्ट्रक्सन</td><td>मोविलाईजेशन</td><td>७७१०००</td></tr>
<tr><td>विजुलीया विल्डर्स एण्ड कन्ट्याक्टर</td><td>मोविलाईजेशन</td><td>२५३०००</td></tr>
<tr><td>निरज कन्स्ट्रक्सन</td><td>मोविलाईजेशन</td><td>२२००००</td></tr>
<tr><td>शिव शंकर डेभलपर्स</td><td>मोविलाईजेशन</td><td>८८७८००</td></tr>
<tr><td>मोसिना कन्स्ट्रक्सन प्रा.लि</td><td>मोविलाईजेशन</td><td>२९७०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३१४१८००.००</td></tr>
</table></td><td>३१४१८००.०</td></tr>
<tr><td>५०.</td><td>भ्रमण खर्च : सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br><br>
• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>
• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>
• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>
• कतिपय भ्रमणहरु नगरपालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>
• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>
अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५१. | **वडा कार्यालयबाट भएको खर्च :** नगरपालिकाले वडा कार्यालयलाई जम्मा रु.९६००००। भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ५२. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु.६८५३२००। सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष १० जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ४२०००० | ३६०००० | २६४०००० | ८६४००० | २४४८००० | ६७३२००० |
| २. | सञ्चार सुविधा | १९२०० | १८००० | ८४००० | ० | ० | १२१२०० |
| | | | | | | **जम्मा** | **६८५३२००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ५३. | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलब्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी नगर कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.१०००। देखि रु.१०००००। सम्म जम्मा रु.४६८५००। आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ । | |
| | **समानिकरण पूँजीगत तर्फ** | |
| ५४. | कार्यालयले विभिन्न मितिमा निम्नानुसार ग्यावियन बक्स, ह्यूमपाईप, एच डि.आई पाईप, जिआई पाईप तथा हेण्ड पम्पखरिद गरी रु.भुक्तानी गरेको विवरण पेश गरेको छ । उक्त सामानमध्ये रु.६०४४३३१। को देहाय अनुसारका ग्यावियन, ह्यूमपाईप एच.डि.आई पाईप तथा हेण्डपाईप नगर प्रमुखको तोक आदेशबाट वितरण | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | गरेको देखियो । वितरण गरिएका सामान सार्वजनिक स्थानमाप्रयोग भएपछि प्रयोजन खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार हुनुपर्नेमा सो देखिएन । नगर प्रमुखको तोक आदेशमा सामान वितरण गरिने परम्परालाई बन्द गरी आवश्यकताको आधारमा माग गर्नुपर्ने र खरिद भएका सामानहरु खर्च भए प्रयोग भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने तथा बाँकी सामानहरुको पनि सोही आधारमा प्रमाण पेश हुनुपर्ने रु | ६०४४३३१.० |

| सि.नं. | सामानको विवरण | साईज | खरिद परिमाण | खरिद दर | जम्मा रकम | वितरण परिमाण | रकम | बाँकी परिमाण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | ग्याबियनजाली | 3×1×1 | ३२ | ५८३० | १८६५६० | ३२ | १८६५६० | ० | ० |
| | | 3×1.5×0.075 | ६० | ४१७० | २५०२०० | ६० | २५०२०० | ० | ० |
| | ह्यूमपाईप | 900mm | ५ | ३२३०५ | १६१५२५ | ५ | १६१५२५ | ० | ० |
| | | 900 mm | ४ | ३२३१० | १२९२४० | ४ | १२९२४० | ० | ० |
| | | 600 mm | १० | १८८५० | १८८५०० | १० | १८८५०० | ० | ० |
| | | 450 mm | ८ | १३६७५ | १०९४०० | ८ | १०९४०० | ० | ० |
| | | 450 mm | ६ | १३६८२ | ८२०९२ | ६ | ८२०९२ | ० | ० |
| | | 300 mm | ३८ | १०९१५ | ४१४७७० | ३८ | ४१४७७० | ० | ० |
| | | 300 mm | २१ | १०९२४ | २२९४०४ | १८ | १९६६३२ | ३ | ३२७७२ |
| | पाईप | 1.5inch GI pipe | १६०० मिटर | ५०० | ८००००० | १५०४ | ७५२००० | ९६ | ४८००० |
| | | 3 Inch GI pipe | १०० मिटर | १२७० | १२७००० | ० | ० | १०० | १२७००० |
| | | 20 mm HDEP pipe | ३५००केजी | २६० | ९१०००० | ० | ० | ३५०० | ९१०००० |
| | | 32 mm HDEP pipe | ३५००केजी | २६० | ९१०००० | ११८६ | ३०८३६० | २३१४ | ६०१६४० |
| | | 40 mm HDEP pipe | ११००केजी | २५९ | २८४९०० | ० | ० | ११०० | २८४९०० |
| | | 50 mm HDEP pipe | ११९५केजी | २५८ | ३०८३१० | ० | ० | ११९५ | ३०८३१० |
| | | 63 mm HDEP pipe | १९३५केजी | २५८ | ४९९२३० | ० | ० | १९३५ | ४९९२३० |
| | | 4 no Handpump | २०६ वटा | २२०० | ४५३२०० | २०३ | ४४६६०० | ३ | ६६०० |
| | | | | जम्मा | ६०४४३३१ | | | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ५५. | **तटवन्ध :** उपभोक्तालाई सम्झौता अनुसार तटवन्ध निर्माण गरे पश्चात रकम भुक्तानी दिनु पूर्व निर्माण कार्यको जाँच र निर्माण कार्यको लागि प्रयोग हुने सामाग्रीको विल विजक हरुपनि जाँच गरी वास्तविक खर्चको आधारमा रकम भुक्तानी दिनुपर्दछ । देहायका उपभोक्ता समितिलाई तटवन्ध गरेवापत रकम उपलव्ध गराएकोमा उपभोक्ताले रकम भुक्तानीको लागि पेशगरेको विल भर्पाई परीक्षण गर्दा तटवन्धमा प्रयोग हुने ढुङ्गा खरिद कम गरेपनि बढी परिमाण राखी विल तयार गरी बढी रकम भुक्तानी लिएको देखियो ।उपभोक्ताले ढुङ्गा खरिद गर्दा विभिन्न नरपालिका तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट मात्र ढुङ्गा ल्याउने गरेकोमा निम्न अनुसार खरिद भन्दा बढी ढुङ्गा प्रयोग गरेको तथा ढुङ्गा प्रयोग भएको घनमिटरको आधारमा ग्यावियन बक्स खरिदको समेत बढी भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकममा उपभोक्ताको अशं कट्टी गरी उपभोक्ताबाट रकम असुल उपर गर्नुपर्ने रु. | ५१५०४९.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | खरिद ग्यावियन वक्स | प्रयोग भएको बक्स | बढी बक्स | दर | रकम | ढुङ्गा प्याकिङ्ग घ.मी | देखिएको प्याकिङ्ग घ.मी | बढी घ.मी | दर | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४३४/०७६/३/३० | बगुन तटवन्ध नि.उ.स ४ | १७.५ | २० | २.५ | २८१५ | ७०३७.५ | ५९.०६ | ६७.७५ | ८.६९ | १७०० | १४७७३ |
| ३५१/०७६/३/२० | बाशुदेव पनेरु देखीप्रकास भट्टकाजी मन सम्मभूक्षयनि.उ.स. | ४.७५ | १० | ५.२५ | ३६२७.५ | १९०४४.३८ | १४.२५ | ३० | १५.७५ | १७०० | २६७७५ |
| ३०१/०७६/३/१ | नाला नियन्त्रण उ.स | ९.१८ | ११ | १.८२ | ५०६९.७ | ९२२६.८५४ | २७.५४ | ३३ | ५.४६ | १७०० | ९२८२ |
| २९०/०७६/३/२९ | गणेश विष्टमने घरदेखि राना टोलसम्म ढल नि.उ.स | १५.३५ | १८ | २.६५ | ५०६९.७ | १३४३४.७१ | ४६.०५ | ५४ | ७.९५ | १७०० | १३५१५ |
| १६४/०७६/१/३ | राज ब.शाहको घर नजिक तटवन्ध नि.उ.स. वडा नं.१(ढुङ्गा खरिदको आधारमा) | ४९.६ | ६८ | १८.४ | २८१५ | ५१७९६ | १६७.२७ | २२९.५ | ६२.२३ | १७०० | १०५७९१ |
| १४६/०७६/१२/२७ | घनश्याम बोहरा र श्रीरामबोहराको सिमाना मानदी नियन्त्रण ६ नं. वडा( ३×१×१) | २ | ८ | ६ | ५०६९.७ | ३०४१८.२ | ६ | २४ | १८ | १७०० | ३०६०० |
| १२१/०७५/१२/२५ | डमल चिघला ग्राभेल र ग्यावियन नि.उ.स | २१.९७ | ३० | ८.०३ | ५०७० | ४०७१२.१ | ६५.९१ | ९० | २४.०९ | १७०० | ४०९५३ |
| ९८/०७५/१/२१ | चौघर नदीको शंकरपुर नदीमा तटवन्ध नि.उ.स | ७०.८३ | १३३ | ६२.१७ | २८१५ | १७५००८.६ | ३१८.७३ | ४४८.८८ | १३०.१५ | १७०० | २२१२५५ |
| ११२/०७५/१ | नरबहादु | १९.४४ | ३५ | १५.५६ | २८१५ | ४३८०१. | ८७.४८ | ११८.१३ | ३०.६५ | १७०० | ५२१०५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १/२९ | र रोकाया को घरदेखि रमेश कोलिका घरसम्म तटवन्ध १ नं.वडा | | | | | ४ | | | | | |
| **जम्मा** | | | | | | ३९०४७९.७ | | | | | ५१५०४९/- |

५६. **बढी इन्धन :**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७को उपनियम ६ माउपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन विलभर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिवा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ ।उपभोक्ताले सडक निर्माण तथाग्राभेलको कार्य गरेको भुक्तानी सम्बन्धित केही गोश्वारा भौचर परीक्षण गर्दा उपभोक्ताले ग्राभेल खरिद नगरी आफै खोलाबाट ग्राभेल संकलन गरी ढुवानी गरेको देखियो । नगरपालिकाले तयार गरेको दर विश्लेषण तथानर्म्स अनुसार प्रति घनमिटर सामान्य ग्राभेल ढुवानी गर्न रु.९१.४० र पानी राखीग्राभेल रोलिङ्ग समेत गर्दा २४८.८० लाग्ने देखियो । सोहीअनुसार खर्च उपभोक्तालाई उपलव्ध गराउनु पर्नेमालाग्ने लागतभन्दा बढीको इन्धनखर्च उपलव्ध गराएकोले देहायअनुसार उपभोक्ता समितिबाट उपभोक्ताको योगदानको अशं अनुपातिककट्टी गरी बढी भुक्तानी रकम उपभोक्ताबाट असुलगर्नुपर्ने रु. १५४९८६०.७

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | ग्राभेलको लाग्ने परिमाण घ.मी | भुक्तानीलिएको इन्धनखर्च बढी | लाग्ने इन्धनखर्च | बढी खर्च |
|---|---|---|---|---|---|
| ४०५/०७६/३/२७ | श्रोत केन्द्र देखि अधुरो बाटो निर्माण उ.स.३ नं.वडा | ३५२.५ | १२८१७२ | ३२२१८.५ | ९५९५३.५ |
| ३७८/०७६/३/२४ | सडक निर्माण उ.स.वडा नं.२ | ३१५.७५ | ४०१४२.४ | २८८५९.६ | ११२८२.८ |
| ३५०/०७६/३/२० | सडक ग्राभेल गरी सडक स्तर उन्नतीगर्ने कार्य नि.उ.स. ८ नं.वडा | ३२०.२४ | १२३६९३ | ७९६७५.७ | ४४०१७.३ |
| ३३४/०७६/३/१९ | बैजनाथ बाटो नि.उ.स २ नं.वडा | २७१.५ | ४३५४९.३ | २४८१५.१ | १८७३४.२ |
| ३१८/०७६/३/९ | उद्धव खत्रीको घरदेखी अमरज्योती स्कूल सम्म सडक ग्राभेल नि.उ.स | ७४६.६५ | १२३००० | ६८२२५.५ | ५४७७४.५ |
| ३१५/०७६/३/८ | भुइयाल सडक ग्राभेल उ.स. | ७०३.५ | २२२६७१ | ६४२९९.९ | १५८३७१ |
| २८९/०७६/२/२९ | शोभाओडको घरदेखीमोहन सार्कीको घरसम्मग्राभेल उ.स. वडा नं.४ | १९०.०६ | १७३२१.५ | ५७०९४ | ३९७७२.५ |
| २८७/०७६/२/२९ | सुनार टोल विष्ट टोल जोड्ने सडक ग्राभेल उ.स. | ३१४.३७ | २८७३३.४ | ४९०७५ | २०३४१.६ |
| २७९/०७६/२/२७ | बैजनाथ सडक ग्राभेल नि.उ.स.वडा नं.१० | २६६.३ | २४३३९.८ | ५४२५१ | २९९११.२ |
| २७१/०७६/२/२६ | सडक स्तरोन्नती उ.स.८ | २४४.३५ | २२३३३.६ | ८८००० | ६५६६६.४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | नं.वडा | | | | |
| २६७/०७६/२/२३ | टंकारकुना सडक ग्राभेल नि.उ.स.२ नं.वडा | ५८०.५ | ५३०५७.७ | १८७३७२ | १३४३१४ |
| २६२/०७६/२/२१ | पार्की टोल देखी सार्की टोल नाला प्रसोधन केन्द्र सम्म सडक ग्राभेल उ.स. | ३१२.३ | २८५४४.२ | ५८१३२ | २९५८७.८ |
| २५२/०७६/२/२१ | हरि प्रसादशर्माको घर देखी स्कुलजाने बाटो सडक उ.स. | २७०.४९ | २४७२२.८ | १०१२२२ | ७६४९९.२ |
| २५१/०७६/२/१५ | पोखरी वगल सडक ग्राभेल उ.स ३ नं.वडा | २७९.७६ | २५५७०.१ | ७२००० | ४६४२९.९ |
| २४२/०७६/२/१५ | रघुमनु ग्राभेल उ.स.वडा नं.१० | १०८९.९ | २७११६७ | ३०९५१० | ३८३४२.९ |
| १५५/०७६/२/१४ | धरमपुर मुक्ति सडक उ.स | २८३.८८ | २५९४६.६ | ५२५२३ | २६५७६.४ |
| १३०/०७५/१२/२९ | सडक ग्राभेल नि.उ.स | २९९.९७ | ७४६३२.५ | १८२६७४ | १०८०४१ |
| ११५/०७५/१२/२५ | विरमादेखी बडुको घर जाने बाटो देखि अम्बादत्तअवस्थीको घर सम्म सडक ग्राभेल उ.स. | ३९२.७ | ३५८९२.८ | १३५१४२ | ९९२४९.३ |
| १०६/०७५/११/२३ | नवदुर्गा सडक ग्राभेल उ.स.१० वडा | ३११.४२ | २८४६३.८ | ७३६९० | ४५२२६.२ |
| १०४/०७५/११/२२ | छाउपडी मुक्ती क्षेत्र उ.स.२ नं.वडा | ४२८.८५ | ३९१९६.९ | १३११६४ | ९१९६७.१ |
| ८८/०७५/११/२२ | सडक ग्राभेल तथा स्तरोन्नती उ.स.६ नं.वडा | ७६३.९२ | १९००६३ | २२८९८६ | ३८९२२.७ |
| ८४/०७५/११/१३ | मन्दिरपुर देखी सिरौया जाने बाटो ग्राभेल स्तरोन्नती वडा नं.७ | २१३ | ५२९९४.४ | ९६१६३ | ४३१६८.६ |
| ८०/०७५/११/१३ | सिपाही टोल सडक ग्राभेल उ.स.१० नं.वडा | ४९२ | ४४९६८.८ | १११६७३ | ६६७०४.२ |
| ७७/०७५/११/१३ | भुमिराज टोल बाटो निर्माण उ.स.३ नं.वडा | ५६२.४१ | ५१४०४.३ | १५३०७३ | १०१६६९ |
| ७०/०७५/१०/२९ | पशुपतीनिमावि देखि दक्षिण जाने सडक स्तरोन्नती७ नं.वडा | २१८.२५ | ५४३००.६ | ११८६३८ | ६४३३७.४ |
| | | | | **जम्मा** | १५४९८६०.७ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ५७. | आर्थिक विधेयक २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित व्यवस्था एंव मू.अ.कर नियमावली,२०५३ को २१ औ संशोधनअनुसार ६(ग)को थपव्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पूतकलाई विजक अनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दाकट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखादर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोड नै दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले २०७६ जेष्ठ १५ पछाडीका भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टानगरी पुरै मु.अ.कर भुक्तानी गरेको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ७५६२३३.२७ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| गो भौ न/मिति | पर्टीकोनाम | मू अ कर सहित भुक्तानी | मू अ कर | ५० प्रतिशत कट्टी गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ४४४/०७६/३/३० | आकाश एण्ड पवन कन्स्ट्रक्सन | ४७२९४१६ | ५४४०९२.११ | २७२०४६.१ |
| २८४/०७६/२/२८ | एम.एस. कन्स्ट्रक्सन | ७९१०५९ | ९१००६.७८८ | ४५५०३.३९ |
| २८२/०७६/२/२८ | डागेश्वरी निर्माण सेवा | १३६७७११ | १५७३४७.२८ | ७८६७३.६४ |
| २७०/०७६/२/२६ | सुर्या कन्स्ट्रक्सन | ४८४८९० | ५५७८३.८०५ | २७८९१.९ |
| २६९/०७६/२/२४ | डागेश्वरी निर्माण सेवा | १३७४६१७ | १५८१४१.७८ | ७९०७०.८९ |
| २६५/०७६/२/२१ | डागेश्वरी निर्माण सेवा | १४७१०२१ | १६९२३२.५ | ८४६१६.२५ |
| २६४/०७६/२/२१ | उदय देव निर्माण सेवाप्रा.लि. | १७८६७४५.६ | २०५५५४.८ | १०२७७७.४ |
| २६१/०७६/२/२१ | शिवशंकर डेभलभर्स | ४८०३२९ | ५५२५९.०८८ | २७६२९.५४ |
| २५९/०७६/२/२० | बेदकोट निर्माण सेवा | ६६१०३५.४३ | ७६०४८.३२४ | ३८०२४.१६ |
| | | | **जम्मा** | **७५६२३३.२७** |

५८. **बढी भुक्तानी :** ४५२।०७६।३।३० वडा नं.७ महेन्द्र राजमार्ग देखीउत्तर हजारा बजारको सडक कालोपत्रे निर्माण उपभोक्ता समितिलाई सडक कालोपत्रे गरेवापत उपभोक्ताको अशं कट्टा गरी रु.१७२२५७३। भुक्तानी दिएकोमाा निम्नानुसार देखिएको छ ।

५८.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर, रोलर, डोजर, ग्राभेल विटुमिन डिष्ट्रीव्यूटर, विटुमिन व्याइलर जस्ता हेवी मेशिन प्रयोग गर्न सकिने छैन भन्ने उल्लेख छ । कार्यालयले विटुमिन प्रयोग हुने र हेवी मेशिन प्रयोग हुने कार्य उपभोक्ता समितिबाट गराउनु नियम सम्मत देखिएन ।

५८.२. उपभोक्ताले पेश गरेको विलभर्पाई परीक्षण गर्दा भुवनेश्वरी हार्डवेयर एण्ड सप्लायर्सबाट ९ ड्रम अर्थात १३५० लिटर विटुमिन खरिद गरेको देखियो । दर विश्लेषण अनुसार १ मिटर स्वायरमा ४.३७५ लिटर विटुमिन लाग्ने देखिन्छ । नापीअनुसार ५३४ मिटर स्वायर काममा २३३६.२५ लिटर विटुमिन आवश्यक पर्दछ । आवश्यक भन्दा ९८६.२५ लिटर विटुमिन कमखरिद गरी कमप्रयोग गरेपनि पुरै प्रयोग गरेको देखाई प्रति लिटर रु.७४.८ को दरले ७३७७१।५० र सोको मू.अ.कर रु.९५९०।३० समेत रु.८३३६१।८० बढी भुक्तानीलिएकोले बढी भुक्तानी रकम उपभोक्ताको अशंको अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु. ८३३६१.८०

५८.३. उपभोक्ताले पेश गरेको विलभर्पाई र प्राविधिकबाट नापी भए अनुसारको कामको दर विश्लेषण अनुसार ४६१ लिटर मात्र ईन्धन लाग्ने देखिन्छ । ईन्धनको औषतमूल्य रु.९५.८४ ले हुने रु.४४,१८२।२४ लाग्ने देखिन्छ । तर उपभोक्ताले ४६६३ लिटर ईन्धनखरिद गरेको देखाई रु.४४४६४५।८६ को विल राखी रकम भुक्तानी लिएको देखियो । तसर्थ ईन्धनको लाग्ने मूल्यभन्दा रु.४००४६३।२६ बढी भुक्तानी लिएको हुँदा बढी भुक्तानी रकममा उपभोक्ताको अनुपातिक अशं कट्टा गरी बढी रकम उपभोक्ता सँग असुल गर्नुपर्ने रु. ४००४६३.६२

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>५८.४.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७को उपनियम ३(ख) मा गुणस्तर नियन्त्रण गर्नुपर्ने उल्लेख छ । उपभोक्ताले निर्माण गरेको सडकको गुणस्तर परीक्षण छैन साथै कागजात परीक्षण गर्दा निर्माण भएको कालोपत्रे सडकमा विटुमिन आवश्यक भन्दाकम राखेको कारण गुणस्तरमा प्रश्न गर्नुपर्ने स्थिति छ । यस सम्बन्धमा नगरपालिका बाटै छानविन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५९.</td><td>२३७०७६।२।९,४४९।०७६।३।३० बैजनाथ मावि भवन निर्माण उपभोक्ता समिति वडा नं.२ लाई भवन निर्माण गरेवापत उपभोक्ताको अशं कट्टा गरी रु.४७,५५,५४५। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विलभर्पाई लगायतका फाँटवारी परीक्षण गर्दा निम्न अनुसार कैफियत देखियो ।</td><td></td></tr>
<tr><td>५९.१.</td><td>कार्यालयले भवननिर्माण गर्नको लागितयार गरेको दर विश्लेषणमा भवनतयार गर्दा रु.४३,०७,७८६। को निर्माण सामाग्री र उक्त सामाग्रीको परिचालन गरी भवननिर्माण गर्न दक्ष र अदक्ष गरी रु.१५०११७६।८८ को श्रम लाग्ने देखिन्छ । तर उपभोक्ताले खरिद सामाग्रीमा अग्रिम कर र मूल्य अभिबृद्धि कर छल्ने उद्देश्यले रु.३१,२५,१००। को कृतिम मस्टरोल तयार गरी रकम भुक्तानी लिएको देखियो । तसर्थ वास्तविक लाग्ने श्रम भन्दा रु.१६,२३,९२३।१२ को विल विजकको सम्बन्धमा के कुन सामाग्रीको विलको सट्टा उक्त विल राखेको हो तहाँबाटै एकिन गरी उक्त विलमा भुक्तानी हुने मूल्य अभिबृद्धि कर र अग्रिम कर समेत एकिन गरी सो सहित उपभोक्ता समितिलाई दाखिला गर्न लगाई सोको विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>१६२३९२३.१२</td></tr>
<tr><td>५९.२.</td><td>उपभोक्ताले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन तथा ठेक्का विलमा ढोका र झ्यालको लागि आवश्यक पर्ने चौकोसको खापा लगायतको लागि निम्न अनुसारको दररेट राखी भुक्तानी लिएकोमा काठ खरिदको विल विजक देखिएन । विद्यालयक भवन तथा मन्दिर जस्ता स्थानमा सामुदायिक वनबाट न्यून मूल्यमा वा नि :शुल्क काठ प्रदान हुने देखिन आयो । तसर्थ दरविश्लेषण अनुसार चौकोस तथा खापा तयार गर्न लाग्ने मानिसको श्रमको मूल्य कट्टा गरी काठको खरिद मूल्य उपभोक्ताले भुक्तानी गरेको प्रमाण नदिखिएको हुदाँ उक्त रकम उपभोक्ताको अशं कट्टा गरी असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>आइटम नं.</th><th>विवरण</th><th>ईकाई</th><th>दर</th><th>मानिसको श्रमदान बाहेकको मूल्य</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५</td><td>salwood for door & window frame</td><td>६८.१५</td><td>६१३९.९१</td><td>५४७०.१३</td><td>३७२७८९.३५</td></tr>
<tr><td>७</td><td>38 mm thick fully carved paneled shutter for door</td><td>२९४</td><td>१००१</td><td>६९५.४६</td><td>२०४४६५.२५</td></tr>
<tr><td>८</td><td>5mm thick fully Glazed shutter for window</td><td>४८०</td><td>६९४.७१</td><td>४३२.७१</td><td>२०७७००.८०</td></tr>
<tr><td colspan="5" align="right">जम्मा</td><td>७८४९५५.४</td></tr>
</table></td><td>७८४९५५.४०</td></tr>
<tr><td>६०.</td><td>३१५।०७६।३।८ भुइपाल सडक ग्राभेल उपभोक्ता समिति वडा नं.१० लाई सडकमा ग्राभेल गरेवापत उपभोक्ताको अशं कट्टा गरी रु.४,८५,०००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विल विजक सहितको फाँटवारीमा बेदकोट नगपालिकाबाटै ९० ट्रयाक्टर ग्राभेल अर्थात ३६० घनमिटर खरिद गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>उपभोक्ताको विल एवं कार्यसम्पन्न प्रतिवेदनमा ७०३.५ घनमिटर ग्राभेल हालेको देखाई खरिद भन्दा ३४३.५ को प्रति घनमिटर रु.७८३।४९ को दरले रु.२६९१२८।८१ बढी भुक्तानी लिएको देखिन आयो । तसर्थ बढी भुक्तानी लिएको रकममा उपभोक्ताको योगदानको अशं कट्टी गरी बढी भुक्तानी रकम उपभोक्ताबाट असुल गर्नुपर्ने रु.</td><td>२६९१२८.८१</td></tr>
<tr><td>६१.</td><td>सव कन्ट्रयाक्टरबाट कार्य : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । निम्न भौचर र मितिबाट उपभोक्तालाई काम गर्न सम्झौता गरेपनि उपभोक्ताले देहायको निर्माण व्यवसायीबाट काम गराएको देखिन आयो । उपभोक्ताले कार्य गर्ने गरी सम्झौता भएपनि निर्माण व्यवसायीबाट काम गराउनु नियम सम्मत देखिएन ।<br><br>
<table>
<tr><th>गो भौ न/मिति</th><th>उपभोक्ता समिति</th><th>विवरण</th><th>निर्माण व्यावसायीको नाम</th><th>खर्च रु.</th></tr>
<tr><td>३८८/०७६/३/२४</td><td>डिप ट्युवेल जडान उ.स ८ नं.वडा</td><td>डिप ट्युवेल</td><td>अमृत कन्स्ट्रक्सन</td><td>९७००००</td></tr>
<tr><td>२९३/०७६/२/३१</td><td>खानेपानी निर्माण उ.स</td><td>ड्रिलिङ्ग कार्य</td><td>एच एस एग्रिकल्चर एण्ड वेल कम्पनी प्रा.ली</td><td>२४२५००</td></tr>
<tr><td colspan="4" align="right">जम्मा</td><td>१२१२५००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२.</td><td>३८१।०७६।३।२४ त्र्येम्बकेश्वर मन्दिर पट्टीको बाटो निर्माण उपभोक्ता समिति वडा नं.७ लाई सडक निर्माण गरेवापत उपभोक्ताको अशं कट्टी गरी रु.१,९०,८४८। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विल भर्पाई एवं कार्य सम्पन्न प्रतिवेदनमा जे.सि.बिबाट दुवैतर्फको नालीखनी सडकमा माटो भर्ने काम २१०७.२ घनमिटर गरेवापत प्रतिघनमिटर रु.११२। को दरले रु.२,३६,००६।४० को काम गरेको कार्य सम्पन्न गरेको विल तयार भएको छ । दर विश्लेषण अनुसार उपभोक्ताले पेश गरेको विल परीक्षण गर्दा जेसिवि भाडा रु.४०,०००। र इन्धन खर्च रु.७९,८७४। समेत रु.१,१९,८७४। मात्र वास्तविक खर्च भएकोमा रु.१,९०,८४८। भुक्तानी दिएको हुदाँ बढी भुक्तानी भएको रु.७०,९७४। र वास्तविक खर्चको उपभोक्ताको अशं रु.२३,९७४।८० समेत रु.९४९५९।६० उपभोक्ताबाट उपभोक्ताको योगदानको अनुपातिक अशं कट्टा गरी असुल गर्नुपर्ने रु.</td><td>९४९५९.६०</td></tr>
<tr><td>६३.</td><td>३५६।०७६।३।२२ खरिदार प्रेम सिंह घोटालाई मालिकार्जुन ह्यूमपाईप एण्ड कन्ट्रिङ्ग बाट ३ थान एम पि ३ का ३०० एम एम ह्युमपाईप खरिद गरेवापत रु.४९६८०। भुक्तानी दिएको छ । उक्त ह्युमपाईप कहाँ प्रयोग भएकोहो कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>४९६८०.००</td></tr>
<tr><td>६४.</td><td>३५०।०७६।३।२० सडक ग्राभेल गरी सडक स्तरउन्नती गर्ने कार्य निर्माण उपभोक्ता समिति वडा नं.८ लाई सडक निर्माण तथा ग्राभेल गरेवापत उपभोक्ताको अशं कट्टा गरी रु.३८८०००। भुक्तानी गरेको छ । उपभोक्ताले</td><td>४४११७.२९</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | पेश गरेको विल भर्पाई परीक्षण गर्दा ३२०.२४ घनमिटर पानी राखी रोलरले कम्प्याक्सन गरेको देखियो । नर्म्स अनुसार उक्त कार्यको लागी प्रति घनमिटर इन्धन ढुवानी सहित रु.२४८.८० को दरले रु.७९६७५।७१ लाग्नेमा रु.१२३७९३। को इन्धन वापत समेत बढी भुक्तानी लिएको रु.४४,११७।२९ उपभोक्ताको अशं कट्टी गरी बढी रकम उपभोक्ताबाट असुल गर्नुपर्ने रु. | |
| ६५. | ३३६।०७६।३।१९ भवन निर्माण उपभोक्ता समिति(नगर स्वास्थ्य इकाई) लाई भवन निर्माण गरेवापत उपभोक्ताको अशं कटाई रु.५८२०००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विल भर्पाई परीक्षण गर्दा विलमा सालको काठको काम २६.९७८ क्यूफिटको प्रति क्यूफिटको रु.६१३९।९ को दरले रु.१६५६३९।४२ समेत भुक्तानी लिएको देखियो । संलग्न फाँटवारीमा चन्दकान्त फर्निचर सप्लायर्स महेन्द्रनगरको विल नं.७५१।८ झ्याल ढोका रु.७१०८९। को खरिद गरेकोमा विलमा नर्म्स अनुसार रु.१६५६३९।४२ राखी वास्तविक खर्च भन्दा रु.९४५५०।४२ बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकममा उपभोक्ताको अशं कट्टा गरी बढी रकम असुल उपर गर्नुपर्ने रु. | ९४५५०.४२ |
| ६६. | २९३।०७६।२।३१ मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १७ मा मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मले रितपूर्वकको कर विजक जारी गर्नुपर्दछ । एच एस एग्रिकल्चर एण्ड वोट वेल कम्पनी प्रा.लि.(६०४३३२४४८)ले खानेपानी निर्माण उपभोक्ता समितिसँग ड्रिलिङ्ग गरेवापत रु.१६००००। भर्पाई दादै गरी बुझेको देखियो । मू.अ.कर मा दर्ता भएको फर्मले ड्रिलिङ्ग कार्यको विल जारी नगरी रकम भर्पाईबाट बुझेकोले उक्त रकम भित्र रहेको मू.अ.कर रु.१८४०७।०७ र अग्रिम कर रु.२१२३।९० समेत रु.२०५३०।९७ र मू.अ.कर ऐन अनुसार लाग्ने जरिवाना समेत हिसाव गरी उपभोक्ता मार्फत असुल गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | २०५३०.९७ |
| ६७. | २८३।०७६।२।२८ विर्खु चौधरीको नर्सरी नजिक चौखुट्टी जाने बाटो नियन्त्रण निर्माण उपभोक्ता समिति वडा नं.६ मा तटवन्ध निर्माण गरेवापत रु.२९१०००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विलभर्पाई परीक्षण गर्दा ३×१.५×०.७५ र ३×१×१ साईजका ३७ गोटा ग्यावियन वक्स प्रयोग गरेको उल्लेख छ । कार्यालयले तयार गरेको दर विश्लेषणमा उक्त ग्यावियन वक्स तयार गर्न तथा प्याकिङ्ग गर्न दक्ष र अदक्ष कामदार गरी कामदारको मात्र प्रति वक्स क्रमशः रु.५३२। र रु.११००। मूल्य पर्ने देखियो । सोही अनुसार ३७ गोटा वक्स तयार गर्न रु.४०७००। र १२०.३८ घनमिटर ढुङ्गा प्याकिङ्ग गर्न रु.६४०४२.१५ समेत रु.१०४७४२।१६ लाग्ने देखियो । तर उपभोक्ताले र.१८६३००। को मस्टारोल राखी रु.८१५५७।८४ बढी भुक्तानी लिएको हुदाँ बढी भुक्तानी लिएको रकममा उपभोक्ताको अनुपातिक कट्टी गरी उपभोक्ताबाट असुल उपर गर्नुपर्ने रु. | ८१५५७.८४ |
| ६८. | २१६।०७६।२।२ टेकराज जोशीको घर देखि करुणाधर भट्टको घर सम्म ह्यूमपाईप र ग्राभेल निर्माण उपभोक्ता | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | समितिलाई ग्राभेल लगायतको काम गरेवापत रु.१४५५००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विल विजक सहितको फाटँवारी परीक्षण गर्दा बेदकोट नगरपालिकाबाट ४४ ट्र्याक्टर अर्थात १७६ घ.मि.ग्राभेल खरिद गरेको गरेको देखियो तर विलमा १९६.८८ घनमिटर राखी २०.८८ घनमिटर बढी राखी प्रति घनमिटर रु.७८३.४९ को दरले रु.१६३५९।२७ बढी भुक्तानी लिएको देखियो । बढी भुक्तानी लिएको रकम उपभोक्ताको अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु. | १६३५९.२७ |
| ६९. | २१५।०७६।२।३ बैजनाथको भौतिक संरचना निर्माण उपभोक्ता समिति वडा नं.४ भवन निर्माण गरेवापत रु.४९२२१४। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विलमा १२.६६ क्यू.फिट सालको काठ प्रति क्यूफिट रु.६१३९।९१ को दरले रु.७७७०८।२८ समेत राखी भुक्तानी लिएको देखियो । संलग्न फाँटवारीमा सिद्ध बैजनाथ सामुदायिक वन उपभोक्ता समितिबाट ढुवानी समेत रु.९९०३। को काठ खरिद गरेको विल संलग्न छ । दरविश्लेषणमा प्रति क्यू फिट काठको लागी रु.६६९।७८ श्रमको मूल्यहुने उल्लेख भए अनुसार १२.६६ क्युफिट काठ तयार गर्न प्रति क्यू.फिट रु.६६९।७८ को दरले रु.८४७९।४१ र काठको खरिद मूल्य रु.९९०३। समेत रु.१८३८२।४१ मात्र लागत लाग्ने देखियो । तर विलमा रु.७७७०८।२४ राखेकोले वास्तविक खर्च रु.१८३८२।४१ मात्र लाग्ने देखिदा वास्तविक लागत भन्दा उपभोक्ताले बढी भुक्तानी लिएको रु.५९३२५।८६ उपभोक्ताको अनुपातिक कट्टी गरी उपभोक्ताबाट असुल गर्नुपर्ने रु. | ५९३२५.८६ |
| ७०. | २३९।०७६।२।१४ घटाल मन्दिर उत्तर तिर सडक कालो पत्रे उपभोक्ता समिति ४ नं.वडा लाई सडक कालो पत्रे गरेवापत उपभोक्ताको अशं कट्टा गरी रु.२९१००००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विल भर्पाई सहितको फाँटवारी परीक्षण गर्दा निम्न अनुसार कैफियत देखियो । | |
| ७०.१. | सार्वजनिक खरिद निमायवली,२०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर,डोजर,ग्रेडर विटुमिन डिष्ट्रिव्यूटर,विटुमिन व्याकोलोडर जस्ता हेभी मेशीन प्रयोग गर्न नपाईने उल्लेख छ । विश्लेषज्ञता नभएको उपभोक्ता समितिसँग यस्ता कालो पत्रे जस्तो जटिल प्रकारको कार्य गराउनु नियम सम्मत देखिएन । | |
| ७०.२. | उपभोक्ताले पेश गरेको विल विजक अन्तर्गत भुवनेश्वरी हार्डवेयर एण्ड सप्लायर्सबाट ४१ ड्रम अर्थात ६१५० लिटर विटुमिन खरिद गरेको देखियो । नर्म्स अनुसार एक बर्ग मिटरमा ४.३७५ लिटर विटुमिन लाग्दछ । विलमा प्रमाणित भएको कामको परिमाण ३००० वर्गमिटरमा १३१२५ लिटर विटुमिन लाग्ने देखिन आयो । उपभोक्ताले पेश गरेको प्रमाणित विलमा ६१५० लिटरमात्र खरिद गरेको देखिदा घटी खरिद गरेपनि ६९७५ लिटर बढी परिमाणको प्रति लिटर दर रु.७४.८० ले हुने रु.५२१८७९।६० बढी भुक्तानी लिएको हुँदा उपभोक्ता समिति तथा विल तयार गर्ने प्रविधिकलाई समेत जिम्मेवार वनाई बढी रकममा उपभोक्ता समितिको अनुपातिक कट्टी | ५२१८७९.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | गरी उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | |
| ७०.३. | कार्यालयले तयार गरेको दर विश्लेषण एवं नर्म्स अनुसार १ वर्ग मिटरमा ०.०२ घनमिटर जिरा गिट्टी लाग्ने देखिन्छ । नर्म्स अनुसार ३००० वर्गमिटरमा ६० घनमिटर लाग्ने देखियो । उपभोक्ताले जे.भी.स्टोन क्रसर उद्योगबाट ९० घनमिटर जिरा गिट्टी रु.१०१७००। मा खरिद गरी भुक्तानी लिएकोले बढी परिमाण ३० घनमिटरको प्रति घनमिटर रु.११००। ले हुने रु.३३९००। उपभोक्ता समितिको अनुपातिक कट्टी गरी उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | ३३९००.०० |
| ७०.४. | कार्यालयले तयार गरेको दर विश्लेषण अनुसार ३००० घनमिटर कालोपत्रे गर्न रु.२५४५९६।८० को इन्धन लाग्ने देखिन्छ । उपभोक्ताले बढी भुक्तानी लिने उद्देश्यले रु.९७२५२५। को विल भपाई राखी रु.७१७९२८।२० बढी भुक्तानी लिएको देखिएको हुदाँ बढी भुक्तानी रकम उपभोक्ता समितिको अनुपातिक कट्टी गरी उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | ७१७९२८.२० |
| ७०.५. | सार्वजनिक खरिद नियमावली,२०६४ को निमय ९७ को उपनियम ३ख मा निर्माण कार्यको गुणस्तर नियन्त्रण गरिनुपर्ने उल्लेख छ । उपभोक्ताले विलमा ल्याप परीक्षण वापत रु.५०००। भुक्तानी समेत लिएको तर संलग्न फाँटवारीमा ल्याव परीक्षणको प्रतिवेदन देखिएन । एका तर्फ अवस्यक परिमाण भन्दा कम विटुमिन प्रयोग गर्ने अर्को तर्फ निर्माण भएको कामको ल्याव परीक्षण नगर्दा निर्माण गरेको कामको गुणस्तरबारे एकिन गर्न सकिएन ।  कामको गुणस्तरबारे तहाँबाटै एकिन हुनुपर्दछ साथै विना परीक्षण गरी भुक्तानी लिएको रु.५०००। उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | ५०००.०० |
| ७०.६. | उपभोक्ताले पेश गरेको फाँटवारी परीक्षण गर्दा रु.१२५४६००। को श्रमको कृतिम मस्टरोल तयार गरी भुक्तानी लिएको देखियो । कालोपत्रे गर्ने काममा प्रयोग हुने टिपर, एक्साभेटर, रोलर जस्ता मेशीनको विल विजकहरु पेश भएको छैन । दरविश्लेषण अनुसार वि.ओ.क्यू.मा तोकिएको काम गर्न रु.५५७२९६। को मात्र श्रम लाग्ने देखिन्छ । उपभोक्ताले अग्रिम कर, मू.अ.कर जस्ता नेपाल सरकारलाई प्राप्त हुने कर छल्ने उद्देश्यले प्रयोग भएका विलको सट्टा श्रममा विल राखेको हुदाँ यस सम्बन्धमा तहाबाटै एकिन गरी विवरण पेश हुनुपर्दछ । | |
| ७१. | **बढी भुक्तानी :** १९२।०७६।१।२४ दामोदर जोशीको घर नजिक कल्भर्ट निर्माण उपभोक्ता समितिलाई कल्भर्ट निर्माणको काम गरेवापत उपभोक्ताको अशं कट्टा गरी रु.४७४४५०। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विल भर्पाई परीक्षण गर्दा रु.३७२३००। को मस्टरोल राखेको छ । संलग्न विलमा नर्म्स अनुसार माटो खन्ने काम रु.४२४७.०४, वोल्डमिक्स सोईल खन्न रु.२४७५६.३७ पि.सि.सि गर्न रु.१२६५० र स्टोन मेशीनरी वालको लागि रु.५८७२९। समेत रु.१००३८२।४१ लाग्ने देखिन्छ । तसर्थ आवस्यक भन्दा रु.२७१९१७।५९ बढीको मस्टरोल राखी खर्च लिएको हुदाँ बढी भुक्तानी रकममा उपभोक्ता समितिको अनुपातिक कट्टी गरी | २७१९१७.५९ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | |
| ७२. | **प्रयोगशाला परीक्षण :** १८२।०७६।१।८ डागेश्वरी निर्माण सेवा कञ्चनपुरलाई ठेक्का नं.२४ अन्तर्गत वडा कार्यालय निर्माण गर्दा प्रयोगशाला परीक्षण वापत वि.ओ क्यूमा राखी रु.५०००। भुक्तानी दिएकोमा प्रयोगशाला परीक्षणको विजक संलग्न फाँटवारीमा नभएको हुदाँ उक्त रकम असुल उपर गर्नुपर्ने रु. | ५०००.०० |
| ७३. | १७७।०७६।१।८ स्लेभ कल्भर्ट निर्माण उपभोक्ता समिति वडा नं.८ लाई कल्भर्ट निर्माण गरेवापत रु.४८५०००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको कामको विल एवं कार्य सम्पन्न प्रतिवेदनमा पि.सि.सि.,स्टोन मेशीनरी, आर सि.सि.,स्टीलवार फर्म,व्याक फिलिङ्ग लगायतको काम गरेको छ । उक्त काम गर्न दर विश्लेषण अनुसार रु.११२२००। लाग्ने देखियो । तर उपभोक्ताले रु.३०६९००। को मस्टरोल राखी आवस्यकता भन्दा रु.१९४९००। बढी भुक्तानी लिएको हुँदा बढी भुक्तानी लिएको उपभोक्ता समितिको अनुपातिक कट्टी गरी उपभाक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | १९४९००.०० |
| ७४. | १०५।०७५।११।२२,१७६।०७६।१।६ सुन्दरपुर ग्राभेल निर्माण उपभोक्ता समिति वडा नं.९ लाई सडक ग्राभेल गरेवापत दुई गोश्वार भौचरबाट रु.१५८९६०९। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विल भर्पाई सहितको फाँटवारी परीक्षण गर्दा निम्न अनुसार देखियो । | |
| ७४.१. | मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १७ मा मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मले रितपूर्वकको विजक जारी गर्नुपर्दछ । उपभोक्ताले पेश गरेको विलमा अग्नी विल्डर्स(६०६८६५५४०) ले ग्राभेल ढुवानी र सोलिङ्ग गरेवापत उपभोक्तासँग रु.३०९५००। भपाई दादै गरेर बुझेको देखियो । विजक जारी नगरी रकम भुक्तानी लिएकोले उक्त रकममा भएको मूल्य अभिबृद्धि कर रु.३५६०६।१९ र अग्रिम कर रु.४१०८।४० समेत र.३९७१४।६० मू.अ.कर ऐन अनुसार मू.अ.कर ढिलो दाखिला वापत लाग्ने जरीवाना समेत हिसाव गरी असुल गर्नुपर्ने रु. | ३९७१४.६० |
| ७४.२. | संलग्न विल एवं कार्य सम्पन्न प्रतिवेदनमा १०८४.७ घनमिटर ग्राभेल ढुवानी गर्न नर्म्स अनुसार प्रति घ.मिटररु.९१.४० को दरले रु.९९१४१।५८ को इन्धन लाग्ने, विल अनुसार जेसिविबाट नाली खन्ने र सडक सम्याउन लाग्ने इन्धन रु.४४०४०। समेत रु.१४३१८१।५८ लाग्ने देखिन्छ । तर उपभोक्ताले ६५४६ लिटर इन्धन खरिद गरेको देखाई रु.६२७४१६। समेत भुक्तानी लिएको हुदाँ नर्म्स भन्दा रु.४८४२३४।४२ बढी को इन्धन खर्च समेत भुक्तानी भएको देखिदा उक्त विल प्रमाणित गर्ने उपभोक्ता एवं पदाधिकारीलाई समेत जिम्मेवार बनाई उक्त रकममा उपभोक्ता समितिको अनुपातिक कट्टी गरी उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | ४८४२३४.४२ |
| ७४.३. | कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भए अनुसार १०८४.७ घनमिटर ग्राभेल संकलन गर्ने,लोड अनलोड गर्ने र फिजाउने समेत गर्न रु.६१७। लाग्ने दर विश्लेषण छ । सोही अनुसार उक्त कामको लागि मेशीन बाहेक | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | रु.६६९२६०। लाग्ने देखिन्छ । तर उपभोक्ताले रु.८५८५७०। को मस्टरोल राखी रु.१८९४९०।१० बढी भुक्तानी लिएको हुदाँ बढी भुक्तानी भएको रकममा उपभोक्ता समितिको अनुपातिक कट्टी गरी उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | १८९४९०.१० |
| ७५. | ११।७०७५।१२।३ वगुनका विभिन्न सडकमा ग्राभेल रोलिङ्ग सहित निर्माण उपभोक्ता समितिलाई सडक ग्राभेल,स्टोन मेशीनरी वाल सहित काम गरेवापत रु.१४८७२८७। भुक्तानी दिएको रकम भुक्तानी सम्बन्धि विल विजक एवं फाँटवारी परीक्षण गर्दा रोलर सहितको ग्राभेल १०७९.५५८ र ग्राभेल मात्र २२३.२० घनमिटर काम गरेको विल एवं कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख छ । उक्त काम गर्न कार्यालयले तयार गरेको दर विश्लेषण अनुसार रोलर सहितको दर विश्लेषणमा प्रति घनमिटर ढुवानी ९१.४० र रोलिङ्गको लागि थप २८ प्रतिशतले थप गरी रु.११७ लाग्ने देखिएको छ । सोही अनुसार रोलिङ्ग सहितको १०७९.५५ घनमिटरमा रु.१२६३०७।३५ को र रोलिङ्गबाहेकको रु.२२३.२० घनमिटर ग्राभेलमा रु.९१.४० को दरले हुने रु.२०४००।४८ समेत रु.१४६७०७।८३ मात्र इन्धन खर्च लाग्नेमा ६००५ लिटर अर्थात ५७५५३५। को इन्धनको विल राखी रु.४२८८२७।१७ बढी भुक्तानी लिएको हुदाँ उपभोक्ता समितिको अनुपातिक कट्टी गरी बढी भएको रकम उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | ४२८८२७.१७ |
| ७६. | १०९।०७५।११।२८ नयाँगाउँ सडक ग्राभेल उपभोक्ता समिति वडा नं.१० लाई ग्राभेल गरेवापत रु.९७००००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विल भपाई एवं कार्य सम्पन्न प्रतिवेदन परीक्षण गर्दा ७५३.८७५ घनमिटर ग्राभेल गरेको देखिन्छ । दर विश्लेषण अनुसार उक्त ग्राभेल ढुवानी गर्न प्रति घनमिटर रु.१६५.१५ लाग्ने देखिन्छ । सोही दर अनुसार रु.१२४५०२।४५ ढुवानी लाग्नेमा ढुवानी खर्चवापत बासुदेव बैजलाई रु.३५००००। भुक्तानी दिएको भर्पाई दादै देखिएको हुदाँ बढी भुक्तानी भएको रु.२२५४९७।५४ उपभोक्ता समितिको अनुपातिक कट्टी गरी उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | २२५४९७.५४ |
| ७७. | ५५।०७५।१०।१६ श्रीराम बोहराको घर देखि वडा कार्यालय सम्म सडक ग्राभेल उपभोक्ता समिति वडा नं.६ लाई सडक ग्राभेल गरेवापत रु.९७००००। भुक्तानी दिएको छ । उपभोक्ताले काम गर्दा लागेको विल भर्पाई एवं कार्य सम्पन्न परीक्षण गर्दा ७१७.४ घनमिटर ग्राभेल पानी राखी रोलरबाट कम्प्याक्स गरी तयार गरेको देखियो । दर विश्लेषण अनुसार ७१७.४ घनमिटर ग्राभेल संकलन लोड अनलोड तथा फिजाउन सहित प्रति घनमिटर रु.७९०।८४(५२७.८५+९०×२८%) पर्ने देखियो । सोही अनुसार रु.५७६३५४।३५ र ढुवानी प्रति घनमिटर रु.१६५.१५ को दरले हुने रु.११८४७८।६१ तथा ग्राभेलको रोयल्टी प्रति घनमिटर रु.७५ ले हुने रु.५३८०५। समेत रु.७४८६३७।९६ मात्र लाग्ने देखियो तर उपभोक्ताले ढुवानी,इन्धन तथा मस्टरोलको कृतिम विल तयार गरी विलमा रु.११२७४६५।८४ समेत राखी विल तयार गरी सोही आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी लिएको हुदाँ बढी खर्च देखाएको रु.४७८८२७।८८ मा उपभोक्ता समितिको अनुपातिक कट्टी गरी | ३७८८२७.८८ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td></td><td>समानिकरण चालू तर्फ</td><td></td></tr>
<tr><td>७८.</td><td>अनुपातिक कट्टी : नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार नगरपालिकाको क्षेत्रभित्र सञ्चालन भएका मासु पसल सुधारका लागि ५० प्रतिशत अनुदानमा व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार लागत अनुमान तयार गरी सम्झौता गरेको देखियो । देहायका फर्महरुलाई रु.५०,०००। का दरले भुक्तानी गरेकोमा उक्त फर्मको सम्झौता अनुसारको ५० प्रतिशत लागत खर्च व्यहोरेको नदेखिएकोले कार्य सम्पन्न प्रतिवेदनको आधारमा निम्नानुसार बढी भुक्तानी भएको रकम उक्त फर्महरुबाट असुल गर्नुपर्ने रु.</td><td>१३२७०७.००</td></tr>
</table>

| गो भौ.नं./मिति | फर्मको नाम | लागत अनुमान | कार्य सम्पन्न | न.पा.बाट अनुदान जानुपर्ने | न.पा.बाट अनुदान गएको | फर्मको लागत | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ६३९/०७५/१२/२६ | सञ्जु किराना पसल | ७११०५ | ७११०५ | ३५५५३ | ५०००० | २११०५ | १४४४७ |
| ६४२/०७५/१२/२६ | रोस्यारा मासु कटिङ्ग सेन्टर | ७०६३८ | ७०६३८ | ३५३१९ | ५०००० | २०६३८ | १४६८१ |
| ६४३/०७५/१२/२६ | बोहरा पोल्टी फर्म | ७२५४६.०७ | ७२५४६.०७ | ३६२७३ | ५०००० | २२५४६ | १३७२७ |
| ७०१/०७६/१/८ | विवेक मासु पसल | ६७०३१.९ | ६७०३१.९ | ३३५१६ | ५०००० | १७०३२ | १६४८४ |
| ७३६/०७६/१/२३ | न्यू राना मासु माछा कटिङ्ग सेन्टर | ८०१३७.२५ | ८०१३७.२५ | ४००६९ | ५०००० | ३०१३७ | ९९३१ |
| ७४८/०७६/१/२४ | अर्जुन माछा मासु पसल | ७३६४०.६३ | ७३६४०.६३ | ३६८२० | ५०००० | २३६४१ | १३१८० |
| ७५९/०७६/१/२५ | कुवेर शुद्ध मासु पसल | ७९२०७.१९ | ७९२०७.१९ | ३९६०४ | ५०००० | २९२०७ | १०३९६ |
| ८३७/०७६/२/५ | विष्ट फ्रेस हाउस | ७१८०१.७२ | ७१८०१.७२ | ३५९०० | ५०००० | २१८०२ | १४०९९ |
| ८४०/०७६/२/५ | सुभाष फ्रेस हाउस | ६७९४१.६२ | ६७९४१.६२ | ३३९७१ | ५०००० | १७९४१.६ | १६०२९ |
| ९४८/०७६/२/३१ | किशोर पशुपंछी पालन फार्म तथा मासु कटिङ्ग विकि पसल | ८०५३४.८५ | ८०५३४.८५ | ४०२६७ | ५०००० | ३०५३४.८ | ९७३३ |
| | | | | | | **जम्मा** | **१३२७०७/** |

<table>
<tr><td>७९.</td><td>९३२/०७६/२/२६ नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार उन्नत जातका बाख्रा वितरण गर्ने कार्यक्रममा बाख्रा खरिद गर्नु पूर्व जिल्ला पशु सेवा कार्यालयले तोकिदिएको श्रोतकेन्द्रवाट खरिद गर्नुपर्दछ । साथै खरिद गरिएका बाख्राहरुको स्वास्थ्य परीक्षण गरि निरोगीता प्रमाणित भएको पाइएमा मात्र त्यस्ता पशु खरिद गरि वितरण गर्नुपर्दछ । नगरपालिकाको वडा नं.३ मा महिलाहरुलाई आय आर्जनको लागि १६ वटा उन्नत जातका बाख्राहरु प्रति गोटा रु.११०००। का दरले रु.१७६०००। मा खरिद गरेकोमा उक्त बाख्राहरु उन्नत जातका भए नभएको एकिन नभएको तथा खरिद गरिएका बाख्राहरुको स्वास्थ्य परीक्षण नगरी सिधै व्यक्तिहरुबाट वितरण</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>गरेको देखियो । यसरी सिधै खरिद गरेका चौपायाहरु स्वस्थ रहे नरहेको भन्न सक्ने स्थिति देखिएन । यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८०.</td><td>नगरपालिका भित्रको आन्तरिक आम्दानीको श्रोतमा धार्मिक तथा पर्यटकिय क्षेत्र लिङ्गाको परिसरमा पार्किङ्ग शुल्क उठाउने प्रयोजनको लागि ठेक्का गरीएकोमा जय श्री घटाल कन्स्ट्रक्सनको सवै भन्दा बढी रु.११४१२०। ( मू.अ.कर सहित) कबोल गरेकोमा निजबाट असुल नभएको मू.अ.कर रु.१३१२०। संघिय राजस्वमा पठाउनुपर्नेमा नगरपालिकाको आन्तरिक आम्दानीमा दाखिला गरेको देखियो । सो रकम संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.</td><td>१३१२०.००</td></tr>
<tr><td>८१.</td><td>सोझै खरिद : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था विपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर देहाय अनुसार कार्यालय सामानहरु सोझै खरिद गरिएको पाईयो । सोझै खरिद गरेको कार्य नियमसम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>गो भौ न मिति</th><th>खरिद गरेको फर्म</th><th>समानको विवरण</th><th>रकम</th></tr>
<tr><td>७८२/०७६/२/२</td><td>आयुष्मान स्टेशनरी एण्ड सप्लायर्स</td><td>कार्यालय सामान</td><td>९७८०१</td></tr>
<tr><td>७८१/०७६/२/२</td><td>जोशी ट्रेड एण्ड सप्लायर्स</td><td>कार्यालय सामान</td><td>९७२८४</td></tr>
<tr><td>७८०/०७६/२/२</td><td>भागेश्वरी फेन्सी स्टोर एण्ड सप्लायर्स</td><td>कार्यालय सामान</td><td>१७०८८९</td></tr>
<tr><td>७७९/०७६/२/२</td><td>जोशी ट्रेड एण्ड सप्लायर्स</td><td>कार्यालय सामान</td><td>९८९८८</td></tr>
<tr><td>७७०/०७६/१/२५</td><td>आयुष्मान स्टेशनरी एण्ड सप्लायर्स</td><td>कार्यालय सामान</td><td>९१०९५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५५६०५७/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२.</td><td>अग्रिम कर : आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा भुक्तानीमा १५ प्रतिशतको दरले श्रोतमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एफ एम रेडियोहरु मू.अ.करमा दर्ता समेत भएको प्रमाण पेश नभएको र देहाय अनुसारका एफ एम रेडियोले सन्देशमूलक सूचना प्रशारण गरेकोमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा कर कट्टी छुट भएको देखिएकोले छुट कर सम्बन्धित फर्मबाट असुल उपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>पार्टिको नाम</th><th>भुक्तानी रकम</th><th>कट्टी हुनुपर्ने कर</th><th>कट्टी कर</th><th>छुट कर</th></tr>
<tr><td>११४२/०७६/३/२७</td><td>सामाजिक विकास अभिबृद्धि केन्द्र रेडियो कञ्चनपुर ९०.२ मे.ह.</td><td>९९०००</td><td>१४८५०</td><td>१५००</td><td>१३३५०</td></tr>
<tr><td>९१७/०७६/३/३</td><td>सामुदायिक रेडियो बाह्रसिंगा एफ एम</td><td>१००००</td><td>१५००</td><td>१५०</td><td>१३५०</td></tr>
<tr><td>९७०/०७६/३/३</td><td>शुक्लाफाटा एफ एम</td><td>१५०००</td><td>२२५०</td><td>२२५</td><td>२०२५</td></tr>
<tr><td>९६८/०७६/३/२</td><td>जनसरोकार पोष्ट</td><td>१४४००</td><td>२१६०</td><td>२१६</td><td>१९४४</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१८६६९/-</td></tr>
</table></td><td>१८६६९.००</td></tr>
<tr><td>८३.</td><td>राजस्व तर्फ : प्रतिस्पर्धाको माध्यमबाट रोडसेसको कर तथा शुल्क संकलन को लागि मूल्य अभिबृद्धि कर</td><td>१८९१५०.०</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | बाहेक रु. १४५५०००। बुझाउने गरी कर संकलक ठेकेदार ओम मनकामना बिल्डर्स(६०४३६७८८६) सँग सम्झौता भएकोमा कर संकलन कर्ताले बुझाउनुपर्ने रकम बुझाए पनि रु.१८९१५०। मू.अ.कर बुझाएको देखिएन । उक्त मू.अ.कर लेखापरीक्षण अवधि २०७६।१०।६ गते सम्म नबुझाएकोले मू.अ.कर ऐन,२०५२ अनुसार लाग्ने जरिवाना एवं शूल्क सहित हिसाव गरी असुल उपर गरी नगरपालिकाको नामबाट संधिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | |
| ८४. | **विल वेगर भुक्तानी :** अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगेवा नपुगेको जाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिका र सामुदायिक वातावरण तथा बाल विकास संघ,कञ्चनपुर विचको साझेदारीमा बैज्ञानिक कृषि उत्पादन तालिम तथा उन्नत विउ विजन वितरण मा रु.१ लाख, विपन्न महिलाहरुका लागि बेमोसमि तरकारी खेती तालिममा रु.१२५०००। र गर्भवति सुत्केरी आमा र आमा समूहलाई स्वास्थ्य सम्बन्धि तालिममा रु.२५०००। र संस्थाको रु.४९७००। समेत रु.२९९७००। मा कार्यक्रम सञ्चालन गरेकोमा संलग्न फाटवारी परीक्षण गर्दा रु.२८९५०७। को मात्र विल भर्पाई रहेको देखियो । यसरी विल भपाई वेगर भुक्तानी भएको रु.१०१९३। उक्त संस्थाबाट अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु. | १०१९३.०० |
| ८५. | ८२६।०७६।२।३ नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठि कार्यक्रममा आदिवासी जनजाती सिप विकास कार्यक्रमको लागि नेपाल आदिवासी जनजाती महासंघ जिल्ला समन्वय परिषद कञ्चनपुरलाई ३ महिने सिलाई कटाई तालिम सञ्चालनको लागि रु.२७५०००। नगरपालिकाले र रु.३०००००। गरी रु.५७५०००। मा गर्ने गरी सम्झौता भएकोमा नगरपालिकाबाट सो कार्यक्रममा भएको रु.२७५०००। को विलभरपाई मात्र राखी भुक्तानी गरेको देखियो । उक्त संस्थाले पेश गरेको प्रस्ताव अनुसारको खर्च नगरी कम खर्च भएको देखिएकोले संस्थाको योगदान खुल्ने कागजात संलग्न फाँटवारीमा नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु. | २७५०००.० |
| ८६. | ६६३।०७५।१२।२९ कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नवशिशु नगर स्वागत कार्यक्रममा स्वास्थ्य संस्थामा जम्मेका शिशुलाई प्रति शिशु १०००। का दरले पोषण भत्ता दिने कार्यक्रम अनुसार वडा नं.१मा जन्मेका शिशुका अबिभावकलाई भत्ता वितरण का लागि रु.२७०००। भुक्तानी भएकोमा संलग्न फाँटवारी परीक्षण गर्दा २० जनाको मात्र विवरण भएकोमा बढी भुक्तानी भएको रु.७०००। वडा नं.१ का वडा सचिवलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु. | ७०००.०० |
| ८७. | **दैनिका भ्रमण खर्च २५२।०७५।८।१० :**कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ । भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप मात्र भ्रमण गर्नु पर्दछ ।तर नगरपालिकाका | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | उपमेयर सुशिला सिंहले नगरपालिकाको काम वाट काठमाडौ ०७५।८।२ देखि ८।८ स्वीकृत भ्रमण आदेश विना भएको देखिएकोले उक्त भ्रमण खर्च अनियमित देखिएको छ । | ३२३५०.०० |
| ८८. | **प्रोत्साहन भत्ता** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार ५ जना कर्मचारीहरुलाई प्रोत्साहन भत्ता रु ३,८४,०००। वर्षभरि खर्च लेखेको छ । संघिय सरकारवाट प्राप्त हुने समपुरक अनुदान, पुजीगत खर्च र अन्य कार्यक्रम खर्च गर्नुपर्नेमा सिमित व्यक्तिहरुलाई हुनेगरि दिन पाउने आधार देखिएन ।तसर्थ यस्तो खर्च लेख्नपाउने आधार प्रमाण पेश गर्नुपर्ने रु. | ३८४०००.० |
| ८९. | **२४७।०७५।८।९** :०७५।७।२३ गते वा.१ म.१०१ न को पिकअप र से.६.प ११४ न को मोटरसाइकल एक आपसमा ठक्कर लाग्दा मोटरसाइकल चालक नरेन्द्र प्रसाद जोशीलाई रु १०५०० भुक्तानि दिएको छ ।कार्यालयले प्रत्येक वर्ष Third party insurance गरेको हुने र सो रकम पनि विमाले व्यहोर्नु पर्नेमा कार्यालयले नया तुलसी ट्रेडर्सको विल भुक्तानि गरेको देखिएकोले सो रकम विमाबाट मागदावि गरी कार्यालयमा दाखिला गर्न लगाउने अन्यथा चालकबाट असुल उपर हुनुपर्ने देखिएको रु | १०५००.०० |
| ९०. | **प्रतिवेदन नभएको ३५।०७५।६।१८** क्रिकेट स्टेडियमको डिपिआर का लागि नगरपालिकाले म्यानिङ कन्सल्टीङ प्रालि लाई ०७५।६।१५ सम्म प्रतिवेदन पेश गर्ने गरि सम्फौता गरेकोमा सो प्रालिवाट प्रतिवेदन नगरपालिकामा प्राप्ती विना भुक्तानि भएकोले सो प्रतिवेदन नगरपालिकामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु | १०३५०८०.० |
| ९१. | ८५/२०७५/१०/४, कार्यालयले राष्ट्रपति रनिङ शिल्ड पुरस्कार वितरणबापत रु ६०,०००.०० तिर्थराज पाण्डेयलाई रकम भुक्तानी गरेकोमा, संलग्न फाँटवारीमा राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम संचालनको प्रमाण पेश नभएकोले खर्च पुष्टिको प्रमाण पेश हुनुपर्ने रु | ६००००.०० |
| ९२. | **बढी ग्रेड/भत्ता भुक्तानी** : ६१/२०७५/८/२४, महिला विकास निरिक्षकको कुन्ति लेखक मंसिर महिनाको तलब/भत्तामा रु १,९८३.०० बढी ग्रेड र थप चाडबाड रु २४० समेत कुल रु २,२२३.०० बढी भुक्तानी गरेकोले, बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु | २२२३.०० |
| ९३. | १७८/२०७६/३/१३, कार्यालयले नश्ल सुधारका लागि कृत्रिम गर्भधान कार्यक्रम अन्तर्गत, अनुगमन पारिश्रमिक रकम बापत करकट्टी बाहेक रु ८,५००.०० नायब पशु सेवा प्राविधिक, धर्मानन्द जोशीलाई भुक्तानी गरेको छ । अनुगमन पारिश्रमिक रकम भुक्तानी गर्ने व्यवस्था निर्देशिकामा नरहेकोले, नियमित नदेखिएको रु | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | | ८५००.०० |
| ९४. | **बढी निकासा :** ८१/२०७५/९/२६, कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५ का अनुसार प्राविधिक धार संचालन गर्ने विद्यालयलाई, रु ११,०००.०० का दरले प्रति विद्यार्थी लागत अनुदान उपलब्ध गराउनुपर्दछ । कार्यालयले प्राविधिक धार संचालन गर्ने बैजनाथ मा.बि, जुडेपानीलाई रु १६,३७,७७९.०० अनुदान निकासा गरेको छ । संलग्न फाँटवारी अनुसार उक्त विद्यालयमा प्राविधक धारमा कुल १२८ विद्यार्थी अध्ययनरत रहेकोमा, रु ११,०००.०० का दरले कुल रु १४,०८,०००.०० अनुदान निकासा हुनुपर्नेमा, बढी निकासा भएको रु २,२९,७७९.०० सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु | २२९७७९.० |
| ९५. | **करकट्टी :** भौ.नं १३४/२०७६/३/२४, आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षणका लागी ग्रामिण विकास केन्द्र, महेन्द्रनगरलाई सो संस्थाको बिल बेगर रु ९३,४८५.०० भुक्तानी गरेकोमा अग्रिम करकट्टी गरेको छैन । अतः ऐन बमोजिम परामर्श सेवा बापत १५ प्रतिशतका दरले रु १४,०२२.०० अग्रिम करकट्टी गर्नुपर्नेमा करछुट भएकोले उक्त संस्थाबाट छुटकर असुल गर्नुपर्ने रु | १४०२२.० |
| ९६. | **युवा उद्यम कार्यक्रम :** २१७/२०७६/३/२३, कार्यालयले युवा उद्यम कार्यक्रम संचालनार्थ कार्यक्रम सम्झौता गरी श्री बेदकोट बहुउद्देशीय सहकारी संस्था लि. लाई रु ५,००,०००.०० र श्री बैतडा कृषि बहुउद्देशीय सहकारी संस्था लि. लाई रु ५,००,०००.०० भुक्तानी गरेको छ । सहकारीले नरपालिकाबाट प्राप्त बजेट युवा उद्यमका लागी ऋण लगानी गरी पाँच वर्षभित्र फिर्ता गर्ने गरी सम्झौता भएको छ । सम्झौता बमोजिम रकम भुक्तानी भएको भएतापनि, कार्यक्रम संचालन प्रस्ताव, कार्यक्रमबाट लाभान्वीत हुनेको संख्या समेथ सम्बन्धित सहकारीबाट पेश भएको छैन । तसर्थ लगानीको उद्देश्य अनुरुप रकम परिचालन हुने सुनिश्चित गर्न सकिएन । साथै कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरणमा उक्त रकम प्राप्त हुनुपर्नेमा नदेखाएको रु | १००००००.० |
| ९७. | **कार्यसम्पादन प्रतिवेदन :** २४०/२०७६/३/२७, सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) बमोजिम कार्यालय प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनुपर्दछ । कार्यालयले विद्यालय भुकम्पिय सुरक्षा कार्यक्रम अन्तगर्त, रेट्रोफिटिङका लागि श्री बैजनाथ मा.बि, जडेपानीलाई रु.१५०००००.०० भुक्तानी गरेकोमा, उक्त कार्यको लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन एबम् बिल भर्पाई समेत पेश नभएकोले निर्माण कार्यको बिल भर्पाईसहित, कार्यसम्पन्न प्रतिवेदनको प्रमाण पेश हुनुपर्ने रु | १५०००००.० |

कार्यालयको नाम ठेगाना : बेदकोट नगरपालिका, कञ्चनपुर । आ.व.२०७५।७६

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ९८. | **डिप बोरिङ्ग :** २२/२०७५/७/६, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गुरुबाबा कृषक समूह, धरमपुरलाई, ट्युबवेल पम्प निर्माण बापत रु ४,०६,०४८.५१ को कार्यसम्पन्न प्रमाणित गरेको छ । प्रमाणित कार्यसम्पन्न अनुसार कार्यालयले Drilling of tubewell को कार्यबापत रु.२,०४,५००.०० उपभोक्ता समितीलाई भुक्तानी गरेकोमा, उपभोक्ता समितीले ड्रिलिङ्ग कार्यका लागी भर्पाई दादैमार्फत कमल बहादुर बिष्टलाई रकम भुक्तानी गरेको छ । ड्रिलिङ्गको लागि निर्माण कम्पनि प्रयोग भएको भए सोको बिजक वा उपकरण बहालमा लिएर गरेको भए बहाल सम्झौता र श्रमिकलाई रकम भुक्तानी गरेको डोर हाजिर संलग्न फाँटवारीमा पेश नभएकोले, नियम ९७(६) बमोजिम उपभोक्ता समितीको खर्चको वास्तविक बिल,भर्पाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | २०४५००.० |
| ९९. | ११९४/२०७६/३/३१, विरुवा उत्पादन काठ फलफुल प्रजाति कार्यक्रम संचालन बापत सहायक वन अधिकृत जिवछ यादवलाई रु ४,९१,२२२.०० भुक्तानी भएको छ । संलग्न फाँटवारीमा विरुवा उत्पादन पश्चात्त वितरण गरेको भर्पाई पेश नभएको साथै कार्यक्रम संचालनको प्रमाण समेत पेश नभएकोले, खर्च पुष्टिको प्रमाण पेश हुनुपर्ने रु | ४९१२२२.०० |
| १००. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । श्रमिकहरुको बैंक खाता खोलि बैंकमार्फत पारिश्रमिक भुक्तानी गरिनुपर्नेमा सो गरेको पाईएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएको र योजनाको लागत अनुमान समेत पेश भएको छैन । कामका लागी रोजगार कार्यक्रममा लागि विभिन्न उपकरण खरिद भएकोमा, सम्पुर्ण सामग्रीको जिन्सी दाखिला पेश नभएको साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । | |
| १०१. | **लागत अनुमानबीना योजना सञ्चालन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एक लाखभन्दा माथिको निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ । साथै लागत अनुमान तयार गरी सम्झौता अनुसार कार्यसम्पन्न भईसकेपछि नापजाँच गरी सोको आधारमा रकम भुक्तानी गरिनुपर्दछ । कार्यालयले प्रधानमन्त्री रोजगाार कार्यक्रम अन्तर्गत, विभिन्न वडामा निम्नानुसार योजना संचालन गर्दा, सोको लागत अनुमान तयार | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | नगरी रकम सम्झौता गरेको र प्राविधिक बिल र कार्यसम्पन्न प्रतिवेदनबीना वडा सचिव वा अन्य कर्मचारीमार्फत रकम भुक्तानी गरेको छ । नियमावलीको व्यवस्था पालना नगरी योजना संचालन तथा रकम भुक्तानी गरेकोले, खर्च पुष्ट्याँईको आवश्यक कागजात पेश हुनुपर्ने, अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु | २१९५८८९.० |

| भौ.नं/मिति | वडा नं | योजना | रकम बुझिलिने | रकम |
|---|---|---|---|---|
| १२०४/२०७६/३/३१ | ९ | सडक किनारको झाडी तथा रुख काटि सरसफाई | ना.सु, सुन्दर सिँह बोहरा | ३५००००.० |
| १२००/२०७६/३/३१ | ८ | सडक निर्माण तथा मर्मत सम्भार | खरिदार, रमेश प्रसाद भट्ट | ३८००००.० |
| ११९३/२०७६/३/३१ | २ | सडक ग्रावेल कार्य | खरिदार, शान्ति अवस्थि | ३५१९९१.० |
| ११७२/२०७६/३/२९ | ६ | चुनेपानी मन्दिरदेखि सिद्धनाथ बछेला मन्दिरसम्म बाटो | खरिदार, हिमाल डगौरा | १८९७०९.० |
| ११७०/२०७६/३/२९ | ७ | रौटेला खानेपानी पाईपलाइन मर्मत | खरिदार, प्रेम सिँह घोटा | ३८००००.० |
| ११६९/२०७६/३/२९ | नखुलेको | बेदकोट नगर उद्यान | रोजगार संयोजक, कमलेश प्रसाद भट्ट | ५४४१८९.० |
| | | | जम्मा | २१,९५,८८९.० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १०२. | **मुल्य अभिबृद्धि कर :** ११७८/२०७६/३/३०, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) बमोजिम सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्नेछ । मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १७ मा मु.अ.करमा दर्ता भएको फर्मले रितपूर्वक बिजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले दैजी चौराह देखि बेदकोट ताल जाने बाटो रोलर गर्ने कार्यबापत, बुढी घटाल निर्माण सेवालाई सो फर्मको बिजकबिना रु ९६,०००.०० भुक्तानी गरी नियमानुसार १० प्रतिशत करकट्टी गरेकोमा मू.अ.कर ११,०४४.२९ र मू.अ.कर ऐन २०५२ अनुसार लाग्ने जरिवाना समेत सम्बन्धित राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु | ११०४४.२९ |
| १०३. | **कानुन/कार्यविधिबिना अनुदान निकासा :** ११०६/२०७६/३/१४, कार्यालयले दैजी स्वास्थ्य चौकीलाई कार्यविधि वा कानुनी व्यवस्थाबिना रु १,७२,५४५.०० अनुदान निकासा गरेको छ । अनुदान निकासा पश्चात्त खर्च पुष्टिका आवश्यक प्रमाण पेश भएको छैन साथै अनुदानको उपयोगको स्थिती पनि एकिन गरेको नपाईएकोले खर्चको प्रभावकारीता सुनिश्चित्त गरिनुपर्दछ । | |
| १०४. | **अभिलेख अद्यावधिक तथा बढी भुक्तानी:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । नगरपालिकाले सामाजिक सुरक्षाको फोटो सहितको लगत नराखेको तथा लगत कट्टा गर्नुपर्नेको समयमै वडा पालिकाले अभिलेख नपठाउने भएकाले अद्यावधिकमा ढिला हुने हुनाले सो रकम बैंकले एकिन गरी खाता बन्दी गरी फिर्ता गर्नुपर्नेमा गरेको देखिएन । कार्यालयले यस बर्ष रु.७३८४५०००। सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा बाँकी रहेको रु.११,२९,८००। संघिय कोषमा फिर्ता गरेको छ । | |

अनुसूची १

## बेदकोट नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | बेदकोट नगरपालिका | कञ्चनपुर | ६९५५३ | १४८३८२ | २३५४५७ | २२९३७९ | ६१३२१८ | ३२४५२७ | १८४३८१ | ८२३२४ | ५९१२३२ | ९१५३९ |

अनुसूची-२

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)
## २०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | बेदकोट नगरपालिका | ६५ | ५५ | २७७५९ | ० | २ | ८०६ | ६५ | ५३ | २६९५३ | ८१२८ | १०४१ | १४६४२ | ० | ० | १५६८३ | ० | ३१४२ | २६९५३ |

अनुसूची-३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बेदकोट नगरपालिका | कञ्चनपुर | १००१३ | १७९ | ९८३४ | ० | २७७५९ | ३७५९३ |